# रोचक घटना नं ५१

# दानिएल २

**समयरेखा : पुरानो र नयाँ करारको बीचमा, धेरै परिवर्तनहरू भएका थिए ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- पुरानो र नयाँ करारको बीचमा, स्थानीय सभाघरहरूको भूमिका धेरै नै बढ्यो ।
- पुरानो र नयाँ करारको बीचमा, भाषाको परिवर्तन पनि भयो । यहूदीहरूले अब अरामी भाषा बोल्दथे जुन उनीहरूको पुरानो भाषा, हिब्रूसँग मिल्दोजुल्दो थियो ।
- पुरानो र नयाँ करारको बीचमा, पुरानो करारलाई ग्रीकमा अनुवाद गरियो । ग्रीक अनुवादलाई सेप्टुआजिन्ट भनिन्छ ।
- पुरानो र नयाँ करारको बीचमा, यहूदीहरूको एकदमै कट्टर सम्प्रदायहरूले युनानी र रोमी संस्कृतिहरूको प्रभावको प्रतिरोध गरेका थिए । तिनीहरूलाई फरिसीहरू भनिन्थ्यो । तिनीहरूले पुरानो नियमको धर्मशास्त्रको साथसाथै उनीहरूका आफ्नै मौखिक परम्पराहरूलाई पनि अपनाएका थिए ।
- पुरानो र नयाँ करारको बीचमा, यहूदीहरूको अर्को समूह पनि लोकप्रिय भएको थियो । तिनीहरूले केवल मोशाका पुस्तकहरूलाई मात्र आधिकारिक रूपमा स्वीकार गरेका थिए र जसले युनानी र रोमन संस्कृतिहरूको एकदम कम प्रतिरोध गर्दथे । तिनीहरूलाई सदुकीहरू भनिन्थ्यो ।
- पुरानो र नयाँ करारको बीचमा, त्यहाँ यहूदी श्रद्धापूर्ण व्यक्तिहरूको समूह पनि खडा भयो जसले रोमलाई कर तिर्न इन्कार गरे । तिनीहरूलाई जेइलोटस् (उग्रपन्थि) भनिन्थ्यो । धेरै जना हिंस्रक भएर रोमप्रति वफादार हुने यहूदीहरूलाई मारेका पनि थिए ।
- पुरानो र नयाँ करारको बीचमा, सन्हेद्रिन (महासभा) भनिने यहूदी परिषद्को पनि स्थापना भयो अब गैर-यहूदी अधिकारीहरूले अनुमति दिए अनुसार यहूदीहरूमाथि शासन गर्दथे ।
- पुरानो र नयाँ करारको बीचमा, क्रुसमा टाँगेर मार्ने काम मृत्युदण्डको रूपमा रोमन सरकारको अधीनमा लोकप्रिय भयो । अन्य राष्ट्रहरूले क्रुसमा मृत्यु दण्ड दिने प्रचलन शुरू गरीसकेका थिए, तर अब यो कार्य रोमी साम्राज्यमा धेरै प्रयोग भईरहेको थियो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

पुरानो नियमको समय रेखाको समीक्षा गरौं ।

- क्रमबद्ध रूपमा, यी युगहरू वा समय अवधिहरू के के हुन् ? (संसारको शुरूवात, राष्ट्रको शुरूवात, भूमिमाथि अधिकार , संयुक्त राज्य, विभाजित राज्य, घरबाट कैदमा लगिएको, घर फर्किएको)
- प्रत्येक समय अवधिमा हामीले भेट्ने केहि मानिस हरू को को हुन् ?

१. संसारको शुरूवात: आदम र हव्वा, लुसिफर, कयिन, र हाबिल, नोआ र मूर्तिपूजकहरू

२. राष्ट्रको शुरूवात: अब्राहाम, सारा, इसाहाक, रिबेका, याकूब, योसेफ, मोशा, र फारो राजा

३. भूमि अधिकार: योहोशू , गिदोन, र शमूएल

४. संयुक्त राज्य: शाऊल र दाऊद

५. विभाजित राज्य: यारोबाम, एलिया, र एलीशा

६. कैदमा लगिएको: यर्मिया, दानिएल, र इजकिएल

७. घर फर्किएको: एज्रा र नहेम्याह

- प्रत्येक युगका केहि मूख्य विषय वस्तुहरू के के हुन् ?

१. संसारको शुरूवात: परमेश्वर शक्तिशाली हुनुहुन्छ । मानिसहरू उहाँको विशेष मित्रहरू हुनुपर्ने थियो । पापले संसारमा प्रवेश गऱ्यो । परमेश्वरले पापलाई सजाय दिनुभयो ।

२. राष्ट्रको शुरूवात: परमेश्वरले विशेष प्रतिज्ञाहरू गर्नुभयो । परमेश्वरले आफ्ना मानिसहरूलाई दासत्वबाट छुटाउनुभयो ।

३. भूमिमाथि अधिकार: परमेश्वरको सहायताद्वारा यहूदीहरू प्रतिज्ञा गरिएको भूमिमा प्रवेश गरेका थिए । इस्राएल परमेश्वरप्रति वफादार रहन असफल भयो र परमेश्वरले उनीहरूलाई दण्ड दिनुभयो ।

४. संयुक्त राज्य: परमेश्वरले दाऊदलाई विशेष राजाको रूपमा छान्नुभयो । एक दिन परमेश्वरले एकजना बिशेष मानिसलाई सदाको लागि राजाको रूपमा नियुक्त गर्नुहुनेछ ।

५. विभाजित राज्य: सोलोमनको पापले गर्दा राष्ट्र विभाजन भयो ।

६. कैदमा लगिएको: परमेश्वरले यहूदीहरूलाई तिनीहरूको अनाज्ञाकारिताको कारण अश्शूरमा र बेबिलोनमा दास हुनलाई पठाउनुभयो ।

७. घर फर्किएको: मन्दिर निर्माण र पर्खालहरू पुनर्निर्माण गर्नको लागि यहूदीहरूलाई यरूशलेम फर्कने अनुमति दिइयो ।

**पाठ शुरू गर्ने क्रियाकलाप: बल टस**

आफ्नो कक्षाका विद्यार्थीहरूलाई गोलो घेरामा बस्न लगाएर एउटा कुनै पनि प्रकारको बल दिनुहोस् । उक्त बल पालैसँग एकअर्कालाई गुडाएर दिन लगाउनुहोस् । जब कुनै बालबालिकाले बल समाउँछ, त्यस बालबालिकालाई प्रश्नको पहिलो भागको उत्तर दिन लगाउनु होस् । यदि उनीहरूले गलत जवाफ दिएको खण्डमा त्यहि बेला उत्तर सच्याउने कार्य नगर्नुहोस् । उक्त बालबालिकालाई अर्को प्रश्नको लागि बल अर्को बालबालिकातर्फ गुडाउन लगाउनुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

विगत १०० वर्षभित्र तपाईंको देशमा भएका केहि परिवर्तनहरू के के हुन् ?

विगत ४०० वर्षभित्र तपाईंको देशमा भएका केहि परिवर्तनहरू के के हुन् ?

## कथा भन्नुहोस्

यहूदीहरू अब आफ्नो मातृभूमिमा फर्किएका थिए । उनीहरू अब आफ्नै घरमा आरामदायक समयहरू बिताइरहेका थिए । अब उप्रान्त उनीहरू विदेशीहरूको रितिथितिअनुसार बाँच्नु पर्दैन थियो । उनीहरूले सर्वशक्तिमान परमेश्वरको आराधना गर्न सकून् भनेर मन्दिर पुनर्निर्माण भईसकेको थियो । यरूशलेमको वरिपरिका पर्खालहरू पुनर्निर्माण गरियो र जबर्जस्ती घुस्ने व्यक्तिहरूदेखि पनि उनीहरू पूर्ण सुरक्षित थिए । त्यहाँ प्रतिज्ञा गरिएको राजा, मसीह, आउनु हुनेछ भनेर पुर्वानुमान गरिएको थियो । धेरैले सोचेका थिए कि उहाँ विजयी राजाको रूपमा आउनुहुनेछ, नम्र र दासको रूपमा होइन ।

तर ४०० वर्ष बितिसक्दा पनि राजा आउनु भएन । तर कुनै राजा विना नै त्यहाँ धेरै परिवर्तनहरू चाहिँ भए । त्यसरी नै, यस समयको अन्तरालमा भाषा पनि परिवर्तन भयो, शासकहरू परिवर्तन भए, स्थानीय सभाघरहरूमा आराधना गर्ने शैलीमा परिवर्तन भयो, र यहूदी अधिकारीहरू पनि परिवर्तन भए । धेरै मानिसहरूले आफ्नो नयाँ भाषामा धर्मशास्त्र पढ्न सकून् भनेर त्यहाँ धर्मशास्त्रको एउटा नयाँ प्रतिलिपि जसलाई मिश्री भाषामा अनुवाद गरिएको थियो । यो नसोच्नुहोस् कि पुरानो करार समाप्त भयो र तुरून्तै कुनै परिवर्तन बिना नै नयाँ करार शुरू भयो । अँह त्यहाँ, राजनीतिक, धार्मिक, र सामाजिक रूपले धेरै परिवर्तनहरू भएका थिए ।

दानिएलको समयमा उनले एक राज्यको दर्शनको बारेमा लेखेका थिए । यो सपना परमेश्वरद्वारा राजा नबूकदनेस्सरलाई दिइएको थियो र दानिएलले त्यस सपनाको अनुवाद गर्न सक्षम भएका थिए। पहिलो राज्य सुनको टाउको थियो जसले बेबिलोनको राष्ट्रलाई प्रतिनिधित्व गरेको थियो । दोस्रो राज्यलाई चाँदीको पाखुरा र छातीले प्रतिनिधित्व गरेको थियो र मेडो-फारसी साम्राज्यको प्रतिनिधित्व गरेको थियो । तेस्रो राज्य ग्रीक साम्राज्य थियो जसलाई काँसाको पेट र फिलाले चित्रण गरियो । अन्तिम राज्य रोमी साम्राज्य थियो जसलाई फलामको खुट्टाहरू र फलाम र माटोका गोडाहरूद्वारा दर्शाइएको थियो ।

ती सबै साम्राज्यहरू यस समय अवधिभित्रमा आए र गए, रोमी साम्राज्य बाहेक जसले अहिले शासन गरिरहेको थियो । परमेश्वरले दानिएललाई ६०० वर्षभन्दा अघि नै गर्नुभएका प्रतिज्ञाहरू पूरा हुँदै थियो । बेबिलोनीहरूले ६१२ ई.पू. देखि ५३९ ई.पू. सम्म शासन गरे । मोडो-फारसीहरूले त्यसपछि ५३९ ई.पू. देखि ३३२ ई.पू. सम्म शासन गरे । त्यसपश्चात ग्रीक साम्राज्य आयो जसले ३३२ ई.पू देखि ६३ ई.पू. सम्म शासन गऱ्यो । अन्तमा, रोमी साम्राज्यले ग्रीक साम्राज्यमाथि कब्जा गऱ्यो र ६३ ई.पू देखि ७७६ ई.सं. सम्म रह्यो ।

परमेश्वरले राजा नबुकदनेस्सरलाई दिनुभएको सपना वास्तविकता थियो । परमेश्वरले उहाँको वचन राख्नुभयो, जस्तो उहाँले सधैं गर्नुहुन्छ । रोमी साम्राज्यले अहिले उनीहरूमाथि शासन गरिरहेको थियो जसै उनीहरू आफ्नो राजाको पर्खाईमा थिए । उनीहरू कुनै रोमी राजाको पर्खाईमा थिएनन्, उनीहरू एक यहूदी राजाको पर्खाईमा थिए जसले सारा संसारमाथि शासन गर्ने थिए । अब, परमेश्वरले अर्को महान् कार्य गर्न लाग्नुभएको थियो । उहाँले उक्त राजालाई ल्याउन लाग्नुभएको थियो ।

**कथा भन्ने क्रियाकलाप: इतिहासको बारेमा तथ्यहरू**

यदि शिक्षकका लागि यस कथाका घटनाहरूलाई प्रमाणित गर्ने इतिहासका पुस्तकहरू उपलब्ध छन् भने प्रमाणित गरेर देखाउन सक्नुहुन्छ । हुनसक्छ भने शिक्षकले एउटा वा दुईवटा इतिहासका पुस्तकहरू ल्याउन सक्नुहुन्छ जसले येशू ख्रीष्टको जन्मभन्दा ६ सय वर्ष अघि दानिएलले अगमवाणी गरेका यी चार राज्यहरूको कुरालाई प्रमाणित गर्दछ ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## कण्ठ गर्नुपर्ने पद

**दानिएल २:४४ (टि.बी.एस)** - अनि ती राजाहरूका दिनहरूमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जो कहिल्यै नष्ट हुनेछैन; अनि त्यो राज्य अरू कुनै जातिको हातमा छोडीनेछैन, तर त्यसले ती सबै राज्यहरू टुक्रा-टुक्रा पारेर नाश गर्नेछ, अनि त्यो सदासर्वदा स्थिर रहनेछ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मलाई येशू चाहिन्छ (कोरस नं. २५२)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

तपाईं कति राम्ररी देख्न सक्नुहुन्छ ?

तस्वीरसहितको एउटा ठूलो पोस्टर ल्याउनुहोस् जुन तपाईंको कक्षामा बालबालिकाहरूले पहिले कहिले पनि त्यस तस्वीर देखेका थिएनन् । अर्को कागजको टुक्रा (वा कपडा) लिनुहोस् जसले पूर्ण रूपमा पोस्टर ढाक्न सकोस् । अब कक्षामा ढाकिएको त्यस तस्वीर देखाउनुहोस् । बालबालिकाहरूलाई सोध्नुहोस्, " यो चित्र के को हो भनेर कसलाई थाहा छ ?" तिनीहरूलाई अनुमान गर्न दिनुहोस् ।

त्यसपछि कैंची लिनुहोस् र ढाकिएको कागजमा एउटा सानो प्वाल काट्नुहोस्, करिब १ इन्च जति । फेरि पनि सोध्नुहोस्, "यो चित्र के को हो भनेर कसलाई थाहा छ ?" तिनीहरूलाई अनुमान गर्न दिनुहोस् ।

अर्को फरक ठाउँमा अर्को सानो प्वाल काट्नुहोस् । फेरि सोध्नुहोस्, " यो चित्र के को हो भनि कसलाई थाहा छ ?" तिनीहरूलाई अनुमान गर्न दिनुहोस् । यो तस्वीर कस्तो देखिन्छ भनेर बताउन सजिलो हुन्छ वा गाह्रो हुन्छ ? जब हामीले कुनै पनि तस्वीरको सानो अंश मात्र देख्छौं, पक्कै पनि गाह्रो हुन्छ । परमेश्वरका मानिसहरूका लागि पनि ४०० वर्षको सम्म अवधिमा यस कुरा जस्तै थियो र अन्तसम्म पनि; तिनीहरूले "ठूलो चित्र" को एउटा सानो भाग मात्र देख्न सकेका थिए । जस्तो कि जब हामीले कुनै कुराहरूमा विश्वास गर्नुपर्ने हुन्छ जुनको बारेमा हामीलाई निश्चित रूपमा थाहा छ । परमेश्वरले हामीबाट के चाहानुहुन्छ र हाम्रो लागि उहाँको योजना के छ भनेर हामी कसरी निश्चित रूपमा जान्न सक्छौं ?

उहाँ हामीले के गरेको चाहानुहुन्छ र उहाँको योजनाहरू के हो भनेर उहाँको वचनमा हामीलाइ बताउनुभएको छ ।

**पद कण्ठ गर्ने क्रियाकलाप: कक्षाको वरिपरी**

बालबालिकाहरूलाई गोलो घेरामा बस्न लगाउनुहोस् र कुनै गीतको धुन बजाउँदै कण्ठ गर्ने पद लेखिएको कागजको टुक्रा एकअर्कालाई पास गर्न लगाउनुहोस् । जब गीत रोकिन्छ तब जसको हातमा त्यो कागजको टुक्रा हुनेछ उसले पद भन्ने प्रयास गर्नुपर्छ । सबैजनालाई सम्पूर्ण पद कण्ठ नभएसम्म यो क्रियाकलाप निरन्तर गर्नसक्नुहुन्छ ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षाबाटका स्वयमंसेवकहरूले यस पाठबाट हामीले जान्नुपर्ने ५सबैभन्दा महत्वपूर्ण कुराहरू सबैले देख्न सक्नेगरी बोर्डमा वा ठूलो पानामा सूचीबद्ध गर्न लगाउनुहोस् ।

उदाहरणका लागिः

१. दानिएलले राजा नबूकदनेसरको सपनाको अर्थ येशू ख्रीष्टको जन्म हुनुभन्दा ६०० वर्ष अगाडि व्याख्या गरेका थिए ।

२. पुरानो करारका अन्तिम भविष्यवक्ताहरूको र येशू ख्रीष्टको जन्मको बीचमा ४०० वर्षहरू सम्मको मौनताको वर्ष थियो ।

३. पुरानो करारको अन्त र नयाँ करारको शुरूको बीचमा धेरै राजनैतिक, धार्मिक र सामाजिक परिवर्तनहरू भएका थिए ।

४. परमेश्वर सधैँ आफ्ना प्रतिज्ञाहरू पुरा गर्नुहुन्छ ।

५ यहूदीहरू विजयी राजाको अपेक्षा गरिरहेका थिए, नम्र दासको होइन ।

**समीक्षा गर्ने क्रियाकलापः ५ लेखकहरू**

पाँच जना स्वयंसेवकहरू-लाई कक्षाको अगाडि आएर पाठबाट सिक्न पर्ने एउटा एउटा महत्वपूर्ण कुराहरू लेख्न लगाउनुहोस् । यी किन महत्वपूर्ण छन् भनि सोध्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

पूर्वानुमान भनेको तपाईंले साँच्चै चाहानुभएको कुरालाई पर्खनु जस्तै हो । कहिलेकाँही तपाईंले लामो समयसम्म पर्खनु पर्ने हुन्छ । यहूदीहरूले राजाको लागि लामो समयदेखि पूर्वानुमान गरिरहेका वा पर्खिरहेका थिए । परमेश्वरले तपाईंको लागि केहि विशेष कुरा गर्नुहुन्छ भन्ने कुराको प्रतिक्षा गर्दैगर्दा तपाईंले गर्नुपर्ने दुई वा तीनवटा चीजहरूको सूची बनाउनुहोस् ।

**समयरेखा : पुरानो र नयाँ करारको बीचमा, धेरै परिवर्तनहरू भएका थिए ।**

# रोचक घटना नं ५२

## लूका २:१-१४, मत्ती १:१-२ र १८-२५

**कथाको मूख्य सार : परमेश्वरको पुत्रको जन्म भयो । उहाँको नाम येशू थियो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- लूकाले हामीलाई येशूको जन्मको वास्तविक समय बताएकाछन् । यो सिजर अगस्टसको शासनकालमा भएको थियो । रोमी सम्राटहरूलाई देवताहरू मानिन्थ्यो त्यसैले सम्राट अगस्टस र येशू, जो राजा थिए, उनीहरूको बीचमा ठूलो भिन्नता छ ।
- मत्तीको प्रस्तुतीकरणमा येशू खीष्ट मुख्य पात्र हुनुहुन्छ र शुरूको पदले उहाँलाई यहूदी इतिहासका दुई ठूला कराहरूसित जोडेको छः दाऊदसँगको करार (२ शमूएल ७) र अब्राहसँगको करार (उत्पत्ति १२ र १५) ।
- यूसुफ र मरियम दुवै पूर्वजहरूका राजकिय वंशमा थिए ।
- येशू जन्मनुभयो र डुंडमा राखियो, वा गाईवस्तुहरूले खाने ठाउँमा ।
- होटलमा मरियम र यूसुफको लागि ठाउँ नभएको कारण, येशू शायद गुफा वा जनावरहरू बस्ने ठाउँमा जन्मनुभएको थियो ।
- स्वर्गदूतको उपस्थितिले गोठालाहरू त्रसित भएका थिए । नडराउ भनेर ती स्वर्गदूतहरूले उनीहरूलाई अत्यन्त शान्तिपूर्ण सन्देशको साथ जवाफ दिएका थिए । यो ठूलो आनन्दको शुभ समाचार थियो, कि खिष्ट प्रभु भर्खर जन्मनुभएको थियो ।
- यहूदी श्रोताहरूको लागि येशू खीष्टको वंशावलीको विवरणद्वारा मत्तीले पुस्तकको शुरूवात गर्नु एउटा रोचक तरीका थियो । किनभने व्यक्तिको पारिवारिक वंशले उसको प्रतिष्ठालाई परमेश्वरको चुनिएको व्यक्ति मध्येको एउटा भएको कुरा प्रमाणित गर्दथ्यो, मत्तीले येशू अब्राहामका सन्तान हुनुहुन्छ भन्ने कुरा देखाउँदै शुरूवात गरेका छन् जो सबै यहूदीहरूका पिता हुन्, र दाऊदको प्रत्यक्ष वंशद्वारा, जसले पुरानो करारको मसीहको वंशको बारेमा भएका भविष्यवाणीहरू पूरा गरेको थियो । यस वंशावलीका यी प्राचिन तथ्यहरूलाई ध्यानपूर्वक संरक्षित गरिएको थियो । येशू नै साँचो मसीह हुनुहुन्छ भनेर देखाउन मत्तीले उल्लेख गरेका थुप्रै प्रमाणहरूमध्ये यो पहिलो हो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

तपाईंहरू बाइबलको एउटा महान् कथा सिक्दै हुनुहुन्छ भनि तपाईंको कक्षालाई स्मरण गराउनुहोस् । जबकि बाइबलमा धेरै कथाहरू छन्, ती सबै कथाहरू बाइबलको एउटा मुख्य विषयसँग वा कथासँग सम्बन्धित छन् । यो एउटा आशाको कथा हो । त्यसैकारण, तपाईंको विद्यार्थीहरूलाई त्यो कथा बुझ्नको लागि र सबै पाठहरूलाई एकसाथ मिलाउनको लागि सहायता गर्न, हामी अगाडिका पाठहरूको समीक्षा गर्नेछौं । "हामीले बाइबलमा अध्ययन गरेका मुख्य घटनाहरू के के हुन् ?" भनेर सोध्नुहोस् ।

- परमेश्वर सधैं हुनुहुन्थ्यो र उहाँ धेरै शक्तिशाली हुनुहुन्छ ।
- परमेश्वरले पृथ्वी र यसमा भएका सबैथोक सृष्टि गर्नुभयो ।
- लुसिफर, वा शैतानले, आदम र हव्वालाई छल गऱ्यो । तिनीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरेर पाप गरे ।
- परमेश्वरले संसारमा जलप्रलय पठाउनुभयो जसले पृथ्वीमा भएका सबै कुराहरूलाई नष्ट गऱ्यो । परमेश्वरले नोआ र उनको परिवार साथै उनीहरूसँग भएका सबैलाई बचाउनुभयो किनभने नोआ धर्मी व्यक्ति थिए ।
- परमेश्वरले अब्राहामसँग विशेष प्रतिज्ञा गर्नुभयो ।
- याकूबले परमेश्वरको दूतसँग कुस्ती खेलेर नयाँ नाम, इस्राएल प्राप्त गरेका थिए ।
- विशेष विपत्तिहरू र छुटकाराको माध्यमबाट, परमेश्वरले इस्राएलीहरूलाई मिश्रबाट बाहिर निकाल्नुभयो ।
- इस्राएलीहरूले पालना गर्नुपर्ने दश आज्ञा नामक नैतिक नियम परमेश्वरले स्थापना गर्नुभयो ।
- परमेश्वरको सहायताद्वारा, इस्राएल प्रतिज्ञाको भूमिमा प्रवेश गऱ्यो ।
- परमेश्वरले दाऊदलाई राजा हुनको लागि चुन्नुभयो । उहाँले एक दिन सदाको लागि राजा हुनको लागि एकजना विशेष व्यक्तिलाई पठाउनु हुनेथियो ।
- सोलोमनको पापको कारण राज्य दुई भागमा विभाजन भयो ।
- इस्राएल र यहूदा अश्शूर र बेबिलोनमा निर्वासित भए ।
- यहूदीहरू निर्वासनबाट मन्दिर र पर्खालहरू पुनर्निर्माण गर्नको लागि फर्किएका थिए ।

**पाठ शुरू गर्ने क्रियाकलापः मुख्य घटनाहरू**

समीक्षा गर्नु चाहिँ सिकाईको एउटा महत्वपूर्ण भाग हो । यहाँ १९ वटा घटनाहरू सूचीगत गरिएका छन् । प्रत्येक घटनाहरूलाई कागजको छुट्टा छुट्टै पानाहरूमा वा पोस्टरमा र बोर्डमा लेख्नुहोस् र बालबालिकाहरूलाई घटनाहरू क्रमैसँग मिलाएर राख्न लगाउनुहोस् । उनीहरूलाई २ वा ३ जनाको सानो समूहमा विभाजन भई सँगै मिलेर यो काम गर्न दिनुहोस् । प्रत्येक समूहले यी घटनाहरू सही क्रममा मिलाएर राख्नको लागि कति समय लिन्छन् सो हेर्नुहोस् । जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ ।

## ३) पाठ सिकाउनुहोस्

येशू ख्रीष्ट एउटा विशेष तरिकाले जन्मनुभएको थियो । तपाईंलाई येशूको जन्मको बारेमा पहिल्यै थाहा भएका केहि कुराहरू के के छन् ?

येशूको जन्मको बारेमा केहि गलत जानकारी हुन सक्छ जुन बाहिर आउन सक्छ ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## कथा भन्नुहोस्

यो इतिहासको सब भन्दा आश्चर्यपूर्ण जन्मको कथा हो । यो सबै त्यसबेला शुरू भएको थियो जब मरियमको दिदी पर्ने, इलिजाबेथ, गर्भवती भइन् जबकि उनी उमेरमा धेरै नै बुढी भइसकेकी थिइन् । परमेश्वरको स्वर्गदूतले मरियमलाई इलिजाबेथको बारेमा भने र ती स्वर्गदूतले मरियमलाई यो पनि भने कि कुनै पनि कुरा परमेश्वरमा असम्भव छैन । मरियम उत्तरको नासरतबाट दक्षिण यहूदामा गइकी थिईन् । यो लामो यात्रा थियो तर जब उनी आइपुगिन्, उनले आफ्नी दिदीलाई छ महिनाको गर्भवती अवस्थामा भएको भेटेकी थिईन् । यहि समयतिर, गाब्रिएल स्वर्गदूत मरियमको सामु देखा परे र उनले छोरो जन्माउनेछिन् र उनले तिनको नाम येशू राख्नुपर्नेछ भनेर बताएका थिए । ती दुवैले परमेश्वरको प्रशंसा गरे र आनन्दले भरिए । मरियम तीन महिनासम्म त्यहाँ बसिन् र घर फर्किन् ।

मरियमको यूसुफसँग मगनी भैसकेको थियो । ती दुवै ईश्वरीय थिए र राम्रो सम्बन्ध थियो । जब मरियम गर्भवती भएको कुरा यूसुफले थाहा पाए, मरियमले कुनै प्रकारको बेइज्जती महसुस गरेको चाहँदैनथिए त्यसैले उनले मरियमलाई जोगाउने योजनाको बारेमा सोचे र उनी गर्भवती भएकोले उनीसँग बिहे नगर्ने सोच बनाए । तर परमेश्वरको दूतले यूसुफलाई बताए कि मरियम गर्भवती छिन् यद्यपि उनी कहिल्यै कुनै मानिससँग सुतेकी छैनन् । यो एक विशेष तरिका थियो जसरी मरियम गर्भवती भइन् ।

ती स्वर्गदूतले यूसुफलाई भने कि परमेश्वरको पवित्र आत्माले मरियमलाई गर्भवती बनाईदिनुभयो । उसले बालबालिकाको नाम "येशू" राख्नुपर्दछ किनकि उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट बचाउनुहुनेछ ।

मरियमले आफ्नो बालबालिकालाई जन्म दिने समय आयो । उनले असाध्यै असहज महसुस गरेको हुनुपर्छ । यूसुफ र मरियमले नासरतबाट बेतलेहेम सम्मको लामो यात्रा गर्नुपरेको थियो । तिनीहरूले बेथलेहेममा जनगणनाको लागि नाम दर्ता गर्नुपर्ने थियो । जब तिनीहरू बेथलेहेम पुगे, तिनीहरूले पत्ता लगाए कि त्यहाँ बस्ने ठाउँ थिएन । सबै होटल र होस्टलहरू भरिएका थिए । त्यो रात मरियमले येशूलाई जन्म दिने समय आयो । यो आश्चर्यजनक जन्म थियो । त्यहाँ केवल पालिएका जनावरहरू थिए । परमेश्वरले नजिकैको खेतहरूमा भएका केहि गोठालाहरूलाई भन्नुभयो । एक मुक्तिदाताको जन्म भएको छ र यो सारा संसारको लागि खुशीको खबर थियो । धेरै ठूलो स्वर्गदूतहरूको समुहले परमेश्वरको प्रशंसा गरिरहेका थिए । गोठालाहरू डराए तर तिनीहरू बेथलेहेम शहरमा मुक्तिदातालाई खोज्न गए र फेला पारे, यो कुरा उनीहरूलाई स्वर्गदूतले भनेको जस्तै थियो । तिनीहरूले एउटा बालबालिकालाई लुगाले बेह्रेको पाए र गाईवस्तु र घोडाहरूले खाने एउटा बक्समा सुतिरहेका भेट्टाए । तिनीहरूले आफैलाई नियंत्रित गर्न सकेनन् । तिनीहरूले सबैलाई यस विशेष बालकको बारेमा बताए ।

धेरै समय पछि, पूर्वबाट आएका विद्वान्हरूले यस बालकलाई उपहारहरू दिन आए जो एक राजा हुनुहुन्थ्यो । एउटा ताराले यी विद्वानहरूलाई पूर्वबाट यस विशेष बालकसम्म डोऱ्याएर ल्याएको थियो । तिनीहरूले आराधनाको प्रतीकको रूपमा येशूको लागि विशेष उपहारहरू ल्याए । मसीहको जन्म भएको थियो । स्वर्गदूतहरूलाई यो थाहा थियो । मरियम र यूसुफलाई यो थाहा थियो । गोठालाहरूलाई यो थाहा थियो । विद्वान्हरूलाई यो थाहा थियो । चाँडै, धेरै मानिसहरूले यस विशेष बालकको बारेमा पत्ता लगाए । साँच्चै, परमेश्वरको लागि कुनै कुरा असम्भव भएन ।

**कथा भन्ने क्रियाकलाप: दुई सुसमाचारका लेखकहरूले कथा बताउँछन्**

मत्ती र लूकाले येशूको जन्मको कथा बताउँछन् । तपाईंको कक्षामा दुवै खण्डहरू पढ्नुहोस् । छलफल गर्नुहोस्:

- यी खण्डहरूमा के समानता छ ?
- बाइबलका यी प्रत्येक खण्डहरूमा के कुराहरू विशिष्ट छन् ?


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## कण्ठ गर्नुपर्ने पद

**लूका २:११ (टि.बी.एस)** - किनकि आज तिमीहरूका निम्ति दाऊदको शहरमा एकजना मुक्तिदाता जन्मिनुभएको छ, जो "खीष्ट" प्रभु हुनुहुन्छ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मलाई येशू चाहिन्छ (कोरस नं. २५२)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

असाध्यै विशेष घोषणा/सूचना

के तपाईंले कहिले साँच्चै नै ठूलो रहस्य थाहा पाउनु भएको छ ? साँच्चैको खुशीको रहस्य ? मलाई याद छ एक पटक मेरो परिवारमा अर्को बालबालिका आउनेवाला छ भनेर बताइएको थियो ! म साह्रै उत्साहित थिएँ, मैले अरूलाई यो खुशीको खबर बताउन मुश्किलले पर्खन सकें !

ठीक छ, तपाईंलाई कस्तो हुन्छ यदि भर्खरै बताइएको छ कि एउटा राजाको जन्म भएको छ !! र तपाईंले निर्णय गर्नु पर्नेछ कि यस बारे सुन्ने पहिलो मानिसहरू को हुनेछ ! तपाईं कसलाई बताउनुहुन्छ ? (बालबालिकाहरूलाई जवाफ दिन लगाउनुहोस्) परमेश्वरले उहाँको एकमात्र पुत्र, येशूको जन्मको बारेमा सबैभन्दा पहिला कसलाई बताउने निर्णय गर्नुभयो होला भन्ने तपाईंलाई लाग्छ ? अर्को राजालाई ? चर्चको आगुवाहरूलाई ? सरकारका शासकहरूलाई ? होइन ! उहाँले गोठालाहरूको एउटा समूहलाई भन्नको लागि रोजनुभयो । के तिनीहरू महत्वपूर्ण, शक्तिशाली व्यक्तिहरू मानिन्थे ? संसारको दृष्टिमा त होइन । म प्राय अच्चममा पर्छु कि यदि परमेश्वरले गोठालाहरूलाई पहिला भन्नुभयो ताकी हामीले यो बुझ्न सकौं कि उहाँको लागि महत्वपूर्ण हनको लागि कुनै व्यक्तिलाई यस संसारको दृष्टिमा धनी वा शक्तिशाली हुनु आवश्यक छैन ।

विचार/सुझाव: बालबालिकाहरूले येशूको जन्मको घोषणा गर्ने संकेतहरू र पोस्टरहरू बनाओस् ।

**शिक्षक साहयता**

**पद कण्ठ गर्ने**
**क्रियाकलाप: रिले दौड**

बालबालिकाहरूको दुईवटा समूह बनाउनुहोस् । समूहबाट करिब ३० फिटको दूरीमा ठूला अक्षरहरूमा कण्ठ गर्ने पदका शब्दहरू लेखेर राख्नुहोस् । बालबालिकाहरूलाई दगुरेर गएर पदमा भएका शब्दहरू पालैसँग ठूलो स्वरमा सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । जब एउटा बालबालिकाले आफ्नो शब्द पढिसक्छ , आफ्नो समूहमा जाओस् र लाइनमा भएको अर्को व्यक्तिलाई छोओस, र अर्को बालबालिकाले अर्को शब्द पढोस् । यो प्रक्रिया तब सम्म दोहोऱ्याउनुहोस् जब सम्म पदका सबै शब्दहरू पढी सकिँदैनन् ।

यसलाई तबसम्म दोहोऱ्याउनुहोस् जब सम्म पद कण्ठ हुँदैन ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षालाई दुईवटा समूहमा विभाजन गर्नुहोस् । समूहहरूलाई येशूको जन्मको बारेमा जतिसक्दो धेरै बुँदाहरू लेख्नको लागि एक मिनेटको समय दिनुहोस् । यहाँ केहि बुँदाहरू छन्:

- येशू सिजर अगस्टसको शासनकालमा जन्मनुभएको थियो ।
- मत्ती र लूका मात्र दुईजना यस्ता सुसमाचारका लेखकहरू हुन् जसले येशूको जन्मको कथाको वास्तविक अभिलेख राखेका छन् ।
- मरियम र इलिजाबेथ दिदीबहिनीहरू (मामा-काकाबाटका) थिए ।
- यूसुफ र मरियम धर्मि थिए ।
- यूसुफ र मरियम जनगणनाको लागि बेथलेहेम गएका थिए ।
- येशूको पहिलो झोलुङ्गा डुँड थियो (घोडा र गाईवस्तुहरूले खाने भाँडो) ।

**पाठको समीक्षा गर्ने क्रियाकलाप: एक मिनटको सूची**

शिक्षकले पाठको बारेमा जति सक्दो धेरै तथ्यहरूको सूची बनाउन प्रत्येक समूहलाई एक मिनटको समय दिनुपर्दछ ।

एक मिनेट सकिएपछि, उनीहरूले बनाएको सूचीको तुलना गर्नुहोस् र कसले धेरै तथ्यहरू लेखेका छन् सो हेर्नुहोस् । तपाईंले तथ्य कुराहरू खोज्दै हुनुहुन्छ भनि बालबालिकाहरूले याद गर्नुपर्छ भनेर निश्चित गर्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

पर्खाई समाप्त भएको थियो । मसीहको आगमन भइसकेको थियो । जब पूर्वबाट आएका, विद्वानहरूले प्रभु येशूका लागि विशेष उपहारहरू ल्याएका थिए ।

एउटा वा दुईवटा त्यस्ता विशेष उपहारहरूको नाम भन्नुहोस् जुन तपाईं यो हप्ता कसैलाई दिन सक्नुहुन्छ ।

**कथाको मूख्य सार : परमेश्वरको पुत्रको जन्म भयो । उहाँको नाम येशू थियो ।**

# रोचक घटना नं ५३

# मत्ती १:१-१६ र लूका ३:२३-२८

**कथाको मूख्य सार : येशूको पारिवारिक इतिहासमा अब्राहाम र दाऊद पनि पर्छन् ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- यहूदी परिवारको इतिहासमा, उल्लेख गरिएको क्रमिक वंशावलीले कुनै मानिस र उसको पुर्खा बीचको महत्वपूर्ण सम्बन्धलाई देखाउँदछ ।
- तर केहि पुस्ताहरू छोडेर दिएको वंशावलीले पुस्ताहरूको सम्बन्धको समग्र श्रृंखलालाई देखाउँदछ, यदि सबै पुस्ताहरू प्रस्तुत गरियो भने, चाहिँ त्यो वंशावली क्रमिक हुन्छ ।
- "पिता" शब्दको कहिलेकाहिँ हजुरबुवा, जिजु-बुवा, वा वंशावलीको अरू कुनै सन्तान भन्ने अर्थ लाग्छ । "पुत्र" शब्दको कहिलेकाहिँ केवल सन्तान भन्ने अर्थ मात्र लाग्छ ।
- मत्तीले दिएको अभिलेख अनुसार, यूसुफको आधिकारिक छोराको रूपमा, येशूको वंशावली देखाईएको छ । लूकाले दिएको वंशावलीको अभिलेख अनुसार येशूलाई मरियमको शारीरिक सन्तानको रूपमा प्रस्तुत गरेका छन् ।
- परमेश्वरका प्रतिज्ञाहरू करारको रूपमा दिइएको थियो (एउटा सम्झौता, वा शपथ) । ती एक जना मानिसद्वारा पूरा हुनुपर्ने थियो, जो अब्राहामको वंशबाट आउनु हुने थियो । मत्तीमा भएको वंशावलीले यो प्रमाणित गर्दछ कि येशू करार अनुसारको वंशबाट आउनुभएको थियो । दोस्रो महत्वपूर्ण वंशावलीको तत्व भनेको दाऊदसँगको सम्बन्ध हो । पछि गएर इस्राएलको इतिहासमा परमेश्वरले दाऊदलाई प्रतिज्ञा गर्नुभयो कि मसीह उसको परिवारिक वंशबाट आउनुहुनेछ ।
- "लूका एकदम होशियार छन् । उनी भन्छन् कि येशू यूसुफको "मानिएका" छोरा हुन् (३:२३) । उहाँ त्यस्तो प्रकारको सन्तान हुनुहुन्थ्यो । उहाँ लामो समयदेखि प्रतीक्षा गरिएको "स्त्रीको सन्तान" हुनुहुन्थ्यो (उत्पत्ति १:१४-१५: धर्मशास्त्रको पहिलो भविष्यवाणी) । मरियमका पति यूसुफले येशूलाई धर्मपुत्र बनाएको कुरा मन्दिरको अभिलेखमा औपचारिक रूपमा दर्ता गराएको जस्तो देखिन्छ । जब यूसुफले मरियमसँग विवाह गरे, सोलोमनको आधिकारिक वंश र नातानबाटको प्राकृतिक वंश एकजुट भएका थिए ।"

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

पाठको समीक्षा गर्नको लागि खेल खेल्नलाई बोर्डमा एउटा तालिका बनाउनुहोस् जुन यस्तो प्रकारको देखियोस्:

| समय रेखा | कथाको मुख्य सार | भजनहरू | कण्ठ गर्नुपर्ने पदहरू |
|---|---|---|---|
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |

अहिले सम्म अध्ययन गरिसकेका १० वटा पाठहरूको समीक्षा गर्नुहोस् र बालबालिकाहरूलाई प्रत्येक समय रेखाको लागि १०० अंक, कथाको मुख्य सारको लागि २०० अंक, भजनको लागि ३०० अंक, र कण्ठ गर्नुपर्ने पदहरूको लागि ४०० अंक दिनुहोस् ।

जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ। प्राय: प्रतियोगिताहरू बालबालिकाहरूको लागि रमाइलो खेल समान हुन्छन् । यसैले, उनीहरू सबैलाई सहभागी गराउनुहोस् । तपाईंको कक्षाको संख्याको आधारमा तपाईंले प्रत्येक विद्यार्थीलाई १ वा २ प्रश्नको मात्र उत्तरमा दिन लगाउन सक्नुहुन्छ। यसो गर्नुको कारण के हो भने यदि तपाईंले मौका दिनुभएको खण्डमा कोहि विद्यार्थीले सबै प्रश्नका उत्तरहरू आफुले मात्र दिन सक्छन् ।

यस जम्मा अंक १०००० हुनेछ, प्रत्येक पाठको लागि १००० अंक ।

## ३) पाठ सिकाउनुहोस्

तपाईंको परिवारको वंशावलीमा भएका कति जना व्यक्तिहरूको नाम भन्न सक्नुहुन्छ ?

तपाईं कति समय पछाडि सम्मको व्यक्तिहरूको बारेमा भन्न सक्नुहुन्छ ?

तपाईंलाई यी व्यक्तिहरूको बारेमा के थाहा छ ?

येशूलाई आफ्नो परिवारको इतिहासको विषयमा धेरै ज्ञान थियो। येशूको पारिवारिक इतिहासको अभिलेखहरू करिब २००० वर्ष पछाडी अब्राहामसम्म जोडिएको छ। यस पाठले हामीलाई उहाँको पारिवारिक इतिहास र यो किन महत्वपूर्ण छ भन्ने बारेमा केहि विवरणहरू दिदँछ ।

**पाठ शुरू गर्ने क्रियाकलाप: बाइबलीय जोखिम**

कक्षालाई बराबर गरि दुई समूहमा विभाजन गर्नुहोस्। समूहहरू यस प्रकारले छान्न सक्नुहुन्छ:

- जसको धेरै भाई र बहिनीहरू छन् ।
- जसको थोरै भाई र बहिनीहरू छन् ।

यो खेल पाठको अन्तसम्मको समीक्षामा निरन्तर जारी रहनेछ ।

यो सबै येशूको जन्म हुनुभन्दा करिब ४००० वर्ष अघि शुरू भएको थियो । आदमलाई सृष्टि गरीएको थियो र "शैतानको शिर कुल्चने" व्यक्तिको प्रतिज्ञा गरिएको थियो । यो बाइबलको पहिलो भविष्यवाणी थियो । त्यस ४००० वर्षको अवधि भरीमा, धेरै व्यक्तिहरू जन्मिए र धेरै पुस्ताहरू आए र गए । यद्यपि, एउटा वंशावली धेरै नै महत्वपूर्ण रहेको पाईन्छ। यो येशूको पारिवारिक इतिहास थियो जुन पछाडी आदमसम्म जोडिएको छ । येशू खीष्टको जन्म आश्चर्यजनक घटना मात्र होइन, यो एउटा सबैभन्दा महान् गरिमामय ऐतिहासिक घटना थियो ।

यहाँ मत्ती र लूका दुई जना अनुसन्धानकर्ताहरूले येशू खीष्टको पारिवारिक इतिहासबारे विस्तृत जानकारीहरू दिएका छन् । मत्तीले येशूको आधिकारिक वंशको पारिवारिक इतिहास अब्राहामसँग जोडेर देखाएका छन् । सोहि समयमा, लूकाको अनुसन्धानले येशूको परिवारिक इतिहास, पहिलो मानिस आदमसम्म जोडेर देखाएकाछन् ।

येशूको पारिवारिक इतिहासको यस रूपरेखाले येशूको विशिष्टतालाई देखाउँदछ । लूकाले येशूलाई आदम सम्म जोडेर प्रस्तुत गरेका छन् । लूकाले प्रस्तुत गरेको यस रूपरेखामा अब्राहाम र दाऊद जस्ता प्रख्यात व्यक्तिहरू पनि समेटिएका छन् । मत्तीले राजाको रूपमा येशूको आधिकारिक वंशलाई पछ्याएकाछन्। उनले अब्राहाम र दाऊदलाई पनि समेटेका छन् । येशू अचम्म प्रकारले "परमेश्वर-मानिस" बन्नु भएको थियो । उहाँ पूर्णरूपमा परमेश्वर हुनुहुन्थ्यो तर पनि उहाँ एउटा स्त्रीबाट जन्मनुभएको थियो । उहाँ पूर्णरूपमा मानिस हुनुहुन्थ्यो तर परमेश्वर पिता उहाँको साँचो पिता हुनुहुन्थ्यो ।

वर्षौंसम्म, धेरै मानिसहरूले यस कुरालाई बुझ्न सकेनन् । येशू खीष्टसँग लामो समय देखि अपेक्षा गरिएको मसीहमा हुने दुवै अधिकारहरू थिए र उहाँ मानव भएर पनि जन्मनु भएको थियो, जसले उहाँलाई तपाईं र म जस्तो व्यक्तिहरूसँग परिचित हुनलाई सक्षम बनाएको थियो ।

त्यसैले उहाँलाई "एक मात्र पुत्र" भनिएको छ । उहाँ परमेश्वरको अद्वितीय पुत्र हुनुहुन्थ्यो र हुनुहुन्छ। उहाँ जस्तो अरू कोहि थिएन र उहाँ जस्तो अरू कोहि कहिल्यै हुनेछैन । त्यसैले उहाँ अद्वितीय हुनुहुन्छ ... उहाँ जस्तो अरू कोहि छैन ! मत्ती र लूका दुवैले, उनीहरूको विस्तृत अनुसन्धानबाट हामीलाई यो निष्कर्षमा पुऱ्याउँछन् कि येशू खीष्ट मात्र एक जना, जो संसारको मुक्तिदाता हुन सक्नुहुन्छ !

येशूलाई "दाऊदको पुत्र" भनिएको थियो। यसको अर्थ यो हुन्छ कि उहाँ परमेश्वरले प्रतिज्ञा गर्नुभएको मसीह हुनुहुन्छ। "दाऊदको पुत्र" भनिनुको अर्थ उहाँसँग मसीह वा यहूदी राजा हुने पनि औपचारिक अधिकार थियो । उहाँको अधिकारको क्षेत्र परमेश्वर पिताले स्थापित गर्नुभएको थियो । धेरैले यस "परमेश्वर-मानिस" भन्ने कुरामा गल्ती भेट्टाउनेछन् । तथापि, स्वर्गमा हुनुहुने पिता उहाँसँग अति नै प्रसन्न हुनुहुन्थ्यो । उहाँ लामो समयदेखि प्रतिक्षा गरिएको "शैतानको शिर कुल्चने" मसिह हुनुहुन्थ्यो जुन कुरा उहाँको जन्म हुनु भन्दा ४००० वर्ष अघि नै प्रतिज्ञा गरिएको थियो । येशू खीष्टको पारिवारिक इतिहास महत्वपूर्ण छ किनकि यसले हामीलाई उहाँको धेरै वर्ष अगाडी देखिका अद्वितीय नातेदारहरूको बारेमा बताउँदछ ।

**कथा भन्ने**
**क्रियाकलाप : तुलनात्मक**

मत्ती १:१६ लाई लूका ३:२३सँग तुलना गर्नुहोस् । यी पदहरूले हामीलाई येशू खीष्टको विशिष्टताको बारेमा के बताउँछन् ?

- मत्ती १:१६ - "अनि याकूबले मरियमका पति यूसुफलाई जन्माए, जुन मरियमबाट खीष्ट भनिनुहुने येशू जन्मनुभयो ।"
- लूका ३:२३ - "अनि येशूले शुरु गर्नुहुँदा उहाँ आफै प्रायः तीस वर्षका हुनुहुन्थ्यो । उहाँ मानिएअनुसार यूसुफका छोरा हुनुहुन्थ्यो, जो एलीका छोरा थिए,"

येशू योसेफका "मानिए" छोरा थिए भनेर लूकाले अत्यन्तै सतर्क भएर उल्लेख गरेको देखिन्छ । तर्सथ मत्तीले उहाँ खीष्ट हुनुहुन्छ भनेका छन् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## कण्ठ गर्नुपर्ने पद

**मत्ती १:१६ (टि.बी.एस)** - अनि याकूबले मरियमका पति यूसुफलाई जन्माए, जुन मरियमबाट ख्रीष्ट भनिनुहुने येशू जन्मनुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मलाई येशू चाहिन्छ (कोरस नं. २५२)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

येशूको परिवारिक इतिहास

शुरू गर्नु अगाडि, १ इन्च चौडा र ८ इन्च लामो कागजको १३ वटा टुक्राहरू तयार गर्नुहोस् । यी नामहरू टुक्राहरूमा लेख्नुहोस् (कागजको एउटा टुक्रामा एउटा नाम) । आदम, अब्राहाम, इसाहाक, याकूब, यहूदा, दाऊद, यूसुफ । ५ कागजका टुक्राहरूहरूमा, तपाईंको बालबालिकाहरूले चिन्ने व्यक्तिहरूको नाम लेख्नुहोस्, जस्तै राजनीतिक व्यक्तित्व, चर्चित खेलाडीहरू, वा अन्य प्रकारका प्रख्यात मानिसहरू । कागजको अन्तिम टुक्रामा "येशू ख्रीष्ट" को नाम लेख्नुहोस् ।

बालबालिकाहरूलाई यसो भन्नुहोस्: "हामी येशू जन्मनु भन्दा झन्डै २,००० वर्ष पहिले बाँचेका उहाँका पितापुर्खाहरूसँग जोड्ने एउटा साङ्ला बनाउन गइरहेका छौं ।"

यस क्रियाकलापको लक्ष्य चाहीँ बालबालिकाहरूले येशूको वंशमा भएका नामहरू पहिचान गरेर तिनीहरूलाई एउटा समूहमा राख्नु हो, (हो समूहमा) र अर्को समूहमा ती जो येशूको वंशमा छैनन् (होइन भन्ने समूहमा) । ती कागजका टुक्राहरूलाई एकै ठाउँमा मिसाउनु होस् र तिनीहरूलाई एक एक गरी टिप्नुहोस् । नामहरू पढ्नुहोस् र बालबालिकाहरूले प्रत्येकको लागि "हो" वा "होइन" भनुन् । एक पटक तिनीहरूलाई अलग गरिसकेपछि, बालबालिकाहरूलाई क्रम अनुसार राख्नको लागि सहायता गर्नुहोस् (माथिको सूची हेर्नुहोस्) ।

कागजको प्रत्येक टुक्राहरूको साङ्ला बनाउनको लागि गाँठो पार्नुहोस् अर्थात् टेपले, गमले टाँसेर पनि बनाउन सक्नुहुन्छ । अन्तीममा, "येशू ख्रीष्ट" भन्ने कागज ल्याउनुहोस् । येशू साङ्लाको अन्तिम जोड्ने भाग हुनुहुन्छ । येशू कसरी आदमसँग जोडिनु भएको छ भनि बताउनुहोस् । तपाईंहरूले देख्नुभयो, उनीहरूलाई (हामीलाई) पापबाट बचाउनको लागि येशूलाई संसारमा ल्याउने शुरूदेखि नै परमेश्वरको योजना थियो ।

**कण्ठ गर्ने पद क्रियाकलापः टेलिफोनको खेल**

टेलिफोन खेलको प्रयोग गरेर यो पद कण्ठ गर्नुहोस् । तपाईंको कक्षालाई सिधा लाईनमा उभिन लगाउनुहोस् । अनि लाइनमा उभिएको पहिलो व्यक्तिलाई त्यो पदको पहिलो वाक्यांश सुस्तरी कानमा भन्नुहोस्, त्यो वाक्यांश अर्को व्यक्तिलाई त्यसरी नै कानमा भन्न लगाउनुहोस् । सबैले त्यो पहिलो वाक्यांश भनि नसकुन्जेल त्यसो गरि नै रहनुहोस् । यसरी नै दोस्रो वाक्यांश, तेस्रो वाक्यांश गर्दै तिनीहरूले उक्त पद कण्ठ नगरून्जेल सम्म यो क्रियाकलाप दोहोऱ्याई राख्नुहोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## ४) पाठको समीक्षा गर्नुहोस्

तपाईंले पाठको शुरूवातमा शुरू गर्नुभएको समीक्षा खेलको अंक दिने खेललाई निरन्तरता दिनुहोस् ।

- १०० अंकहरूका लागि, येशूको पारिवारिक इतिहासको खोजी गर्ने दुई अनुसन्धानकर्ताहरू को थिए ? (मत्ती र लूका)
- २०० अंकहरूका लागि, कुन लेखकले येशू नै मसीह हुन भन्ने औपचारिक अधिकारको पत्ता लगाएको छन् ? (मत्ती)
- ३०० अंकहरूको लागि, कुन लेखकले येशूको मसीह हुने मानवीय अधिकारलाई प्रस्तुत गरेका छन् ? (लूका)
- ४०० अंकको लागि, बाइबलको कुन दुई अध्यायहरूले येशूको पारिवारिक इतिहासलाई उल्लेख गरेको पाईन्छ ? (मत्ती १ र लूका ३)
- बोनस प्रश्न ५०० अंक बराबरको: यस पाठको विषयवस्तु के हो ? (अब्राहाम र दाऊद समावेश गरिएको येशूको पारिवारिक इतिहास)

**समीक्षा क्रियाकलाप : बाइबल जोखिम**

यस समीक्षा क्रियाकलाप पाठको शुरूमा भएको समीक्षा खेलको निरन्तरता हो ।

## ५) पाठ लागु गर्नुहोस्

मत्ती र लूका अनुसन्धानकर्ताहरू थिए । तिनीहरूले येशूको पारिवारिक इतिहास अनुसन्धान गरे । बालबालिकाहरूलाई यी पदहरू पढ्ने गृहकार्य दिनुहोस् । अनि, उनीहरूको अनुसन्धान पछि, उनीहरूलाई निर्णय गर्न दिनुहोस् कि यी पदहरूले कसको बारेमा कुरा गरिरहेका छन् ।

- मीका ५:२ (मीकाद्वारा लेखिएको)
- यशैया ५:३ (यशैयाद्वारा लेखिएको)
- भजन २२ (दाऊदद्वारा लेखिएको)
- उत्पत्ति ३:१५ (मोशाद्वारा लेखिएको)

**पाठ लागू गर्ने क्रियाकलाप: कार्य**

तपाईंको कक्षाका बालबालिकाहरूलाई यो कार्य दिनुहोस् । यो कक्षाको अर्को पटकको भेटमा सबैभन्दा पहिलो कुरा हुनेछ ।

**कथाको मूख्य सार : येशूको पारिवारिक इतिहासमा अब्राहाम र दाऊद पनि पर्छन् ।**

# रोचक घटना नं ५४

## मत्ती २:१-१५ र लूका २:२२-३८

**कथाको मूख्य सार : येशूको प्रारम्भिक जीवनको घटनाहरूले उहाँलाई एक विशेष व्यक्तिको रूपमा परिचित गराएको थियो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- शिमियोनलाई परमेश्वरले इस्राएलको शान्ति देख्नेछौ भनेर बताउनुभएको थियो । यसकारण, जब येशू अलि ठुलो हुनुभयो, मरियम र यूसुफले उनलाई मन्दिरमा लगेर गएका थिए । जब शिमियोनले उनीहरूलाई देखे, उनले सानो बालक येशूलाई आफ्नो काखमा लिए र आशीर्वाद दिए । शिमियोनले भने कि अब उनी यस घटना पछि शान्तिसाथ मर्न सक्छन् ।
- हन्ना ८४ वर्षकी वृद्ध विधवा थिइन् । उनी आफ्नो जीवनको अधिकांश उमेर विधवा भएर नै बाँचेकी थिईन् । उनी एक भविष्यवक्ता कहलाइएकी थिइन् किनकि उनी असाधारण रूपमा परमेश्वरसँग नजिक थिइन् । उनी नियमित रूपमा मन्दिरमा परमेश्वरको आराधना, उपवास र परमेश्वरको प्रशंसा गर्दै बस्थिन् । शिमियोनलाई जस्तै, हन्नालाई पनि थाहा थियो कि येशू इस्राएलको छुटकारा गर्ने मसिह हुनुहुन्छ । उहाँ प्रतिज्ञा गरिएको मसीह हुनुहुन्थ्यो ।
- किनकि हन्ना र शिमियोन यस्तो संस्कृतिमा बाँचिरहेका थिए जहाँ वृद्ध व्यक्तिहरूलाई मान्यता दिइन्थ्यो, तिनीहरूको भविष्यवाणीहरूले अझ बढी महत्व बोकेका थिए ।
- "व्यवस्थाले यदि हुनसक्छ भने आमाबुवालाई जवान गोरू वा भेडाको पाठोको बलि चढाउने आदेश दिएको छ । तर गरिबहरूलाई दुई कलिलो परेवाहरू ल्याउने अनुमति दिइएको थियो । यूसुफ र मरियमले गरिबहरूले चढाउने बलिदान मात्र चढाएका थिए ।
- पछि, जब येशू १२ वर्षको हुनु भयो, उहाँकी आमा र बुवा फेरि आराधना गर्न अरू मानिसहरूसँग गएका थिए । मन्दिरमा, उहाँ त्यस दिन विद्वान्हरूसँग जटिल र बौद्धिक कुराकानीहरू गर्नुभयो । जब उहाँका आमाबाबुले मन्दिर छोडेर घर फर्कने क्रममा, उनीहरूले येशू त्यस समूहमा हुनुहुन्न भन्ने कुरा थाहा नै पाएनन् । सामान्यतया, ठूलो समूहमा हुँदा महिला र बालबालिकाहरू अगाडि यात्रा गर्दथे र पुरुषहरू पछिल्तिर हुन्थे । येशू १२ वर्षको भएको हुनाले कुनै एउटा समूहमा यात्रा गर्न सक्नुहुन्थ्यो ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

समीक्षा गर्नुको एउटा लक्ष्य भनेको बालबालिकाहरूले बाइबलको महान् कथालाई असल तरिकाले बुझ्न भन्ने हो । आज बालबालिकाहरूलाई अहिलेसम्मका कथाहरूबाट केहि दोहोरिएका विषयवस्तुहरू भन्न लगाउनुहोस् । तत्कालको लागि बालबालिकाहरूलाई स्वईच्छाले उत्तर दिन लगाउनुहोस्, तर तपाईं बाइबलको एउटा महान् कथामा दोहोरिने विषयवस्तुहरूको रूपमा निम्न उदाहरणहरू प्रयोग गर्न सक्नुहुन्छ:

परमेश्वरको अद्भुत शक्ति:

- सृष्टि
- विश्वब्यापी जलप्रलय
- लाल समुद्र पार गरेको
- प्रतिज्ञाको भूमिमा प्रवेश

जनावरको प्रतिस्थापन:

- आदम र हव्वा
- मोरिया पर्वतमा अब्राहाम र इसाहाक
- पापक्षमाको लागि परमेश्वरको प्रावधान
- प्रायश्चितको दिन

परमेश्वरलाई प्रसन्न तुल्याउने विश्वास:

- नोआ
- अब्राहाम
- निस्तार चाड
- रूथ र शमूएल
- राजा दाऊद

परमेश्वरले पापको सजाय दिनुहुन्छ

- आदम र हव्वा
- कादेश बर्नेमा अविश्वास
- शाऊल, इजरायलको पहिलो राजा
- राजा सोलोमन
- विभाजित राज्य

अद्वितीय व्यक्ति - येशू ख्रीष्ट

- येशूको बारेमा भविष्यवाणीहरू
- येशूको जन्म
- येशूको जीवनका प्रारम्भिक घटनाहरू

**पाठ शुरू गर्ने क्रियाकलाप: एउटा महान् कथा**

शिक्षकले कक्षालाई विषयहरू दिन चाहेको खण्डमा दिन सक्नुहुन्छ जस्तै: परमेश्वरको अलौकिक शक्ति, जनावरको प्रतिस्थापन, परमेश्वरलाई प्रसन्न तुल्याउने विश्वास, परमेश्वरले पापको सजाय दिनुहुन्छ, र अद्वितीय व्यक्ति - येशू ख्रीष्ट । त्यसपछी, बालबालिकाहरूलाई हामीले पहिले अध्ययन गरिसकेका ती कथाहरूको बाइबलीय उदाहरणहरू बताउन लगाउनुहोस् । यस क्रियाकलापको उद्देश्य बालबालिकाहरूले बाइबलमा भएको एउटा महान् कथामा दोहोरिएको विषयवस्तुहरू बुझ्नु भन्ने हो ।

## ३) पाठ सिकाउनुहोस्

मत्ती र लूका अनुसन्धानकर्ताहरू थिए । तिनीहरूले येशूको पारिवारिक इतिहास अनुसन्धान गरेका थिए। पाठको अन्त्यमा समीक्षाको रूपमा, बालबालिकाहरूलाई मीका, यशैया, दाऊद, र मोशाको बारेमा उनी-हरूले गरेको अनुसन्धानमा के पत्ता लगाए र के लेखेका छन् भनेर सोध्नुहोस् ।

- मीका ५:२ (मीकाद्वारा लेखिएको)
- यशैया ५३ (यशैयाद्वारा लेखिएको)
- भजन २२ (दाउदद्वारा लेखिएको)
- उत्पत्ति ३:१५ (मोशाद्वारा लेखिएको)

**पाठ सिकाउने क्रियाकलाप: गृहकार्य**

बालबालिकाहरूसँग गत हप्ताको गर्नु पर्ने कामको बारेमा कुरा गर्ने अवसर छ भन्ने कुराको निश्चित गराउनुहोस् ।

येशूको जन्म भएको तेत्तीस दिन पछि, केहि रोचक घटनाहरू भएका थिए । मरियम र यूसुफले बेथलेहेमबाट यरूशलेमसम्मको छोटो यात्रा गरेका थिए, जहाँ उनीहरूले मन्दिरमा गएर भेटी चढाएका पनि थिए । मरियम र यूसुफले भेटीको लागि भेडा किन्न सकेनन् त्यसैले उनीहरूले भेटीको लागि एक जोडी ढुकुर वा परेवा ल्याएका थिए ।

त्यसपछि , जब उनीहरू बालक येशूलाई लिएर मन्दिरको आँगनमा, उनीहरूले एक जना वृद्ध मानिसलाई भेटेका थिए । उसको नाम शिमियोन थियो । कुनै प्रकारले, प्रभुले उनलाई प्रतिज्ञा गर्नुभएको थियो कि ऊ मर्नु भन्दा अघि उनले इस्राएलको शान्ति देख्नेछन् । यसको अर्थ के हो भनि सबैलाई थाहा थियो कि ... यसको अर्थ यो हो कि मर्नु अघि उसले मसीहलाई देख्नेछ । त्यस समयका धार्मिक अगुवाहरूले मसीहलाई खोजिरहेका थिएनन्, तर शिमियोनले खोजिरहेका थिए । जब मरियम र यूसुफ मन्दिरमा आए, उनीहरूले केवल साधारण तरिकाको भेटी लिएर आएका थिए ...... यस्तै नै थियो । तर जब शिमियोनले उनीहरूलाई भेटे, सबै परिवर्तन भयो । शिमियोनले यस एक महिनाको शिशु नै मसीह हुन् भन्ने कुराको पहिचान गरेका थिए । यो जान्नको लागि उनलाई परमेश्वरबाटको प्रत्यक्ष निर्देशन हुनुपर्थ्यो । जब शिमियोनले मसीहलाई चिने उनले तुरून्तै परमेश्वरको प्रशंसा गर्न थाले । उनले यस घटनाको सम्मानमा एउटा भजन लेखेका थिए शिमियोनले यो समेत स्वीकार गरे कि मसीह सबै मानिसहरूको लागि हुनेछन्, केवल यहूदीहरूको लागि मात्र होइन । तिनीहरू मन्दिरमा भेटी चढाउन आएका थिए र अब एकदम अपरिचित व्यक्तिले उनीहरूको बालबालिकालाई लामो समयदेखि पर्खिरहेको मसीहको रूपमा पहिचान गरिरहेको देखेर, मरियम र यूसुफ छक्क परेका थिए । मरियम र यूसुफलाई येशू को हुनुहुन्छ भनेर थाहा थियो तर उनीहरूलाई यो कुराको जानकारी भने थिएन कि अन्य व्यक्तिहरूलाई पनि यो कुरा थाहा छ ।

यूसुफ र मरियमको लागि त्यो दिन अझ रोचक भयो जब हन्ना नाम गरेकी एक वृद्ध महिलाले पनि येशू नै मसीह हुनुहुन्छ भनेर चिनेकी थिईन् र उनले पनि परमेश्वरबाटको वरदानको लागि परमेश्वरको प्रशंसा गरिन् । इस्राएलका लागि सान्त्वना, मसीह, आउनुभएको छ । सयौं वर्षको पर्खाईपछि, मसीह अहिले यहाँ हुनुहुन्थ्यो ।

येशू उहाँको प्रारम्भिक जीवनमा धेरै पटक बसाईं सर्नु भयो । बेथलेहेमबाट उहाँको परिवार केहि वर्षको लागि मिश्रमा गएका थिए र त्यसपछि उनीहरू फेरी नासरत फर्किएका थिए । हामीलाई येशूको बारेमा बाह्र वर्ष पुग्नु भन्दा अघिका अरू कुनै कुराहरू थाहा छैन । जब उहाँ बाह्र वर्षको हुनुभयो, उहाँको अभिभावकहरू फेरी मन्दिर गएका थिए । स्पष्ट रूपमा, त्यहाँ ठूलो समूह थियो । जब मन्दिर छोड्ने समय आयो, यूसुफ र मरियम दुवैले येशू तिनीहरूसँगै थिए भन्ने ठानेर उहाँलाई छोडेर गएका थिए । ती दिनहरूमा, जब कुनै ठूलो समूहमा यात्रा गरिन्थ्यो, तब महिलाहरू र अगाडि जाने र पुरुषहरू अन्तिममा आउने चलन थियो । बाह्र वर्षको केटा भएको हुनाले, येशू कुनै पनि समूहमा हुन सक्नुहुन्थ्यो । त्यसकारण जब मरियम र यूसुफ दुवैलाई थाहा भयो कि उनीहरूको छोरा उनीहरूसँग छैनन्, तब तिनीहरू मन्दिरमा फर्केर खोज्दा उहाँलाई विद्वान्हरूसँग बहस गर्दै गरेको भेट्टाएका थिए । विद्वान्हरू यस बाह्र वर्षको बालबालिकासँग एकदम प्रभावित थिए । मरियमले आफ्नो छोराका ती शुरूका दिनहरूको बारेमा धेरै सोचिरहेकी हुनुपर्छ ।

**कथा भन्ने क्रियाकलापः शब्दहीन कथा भन्नुहोस्**

कक्षालाई शिमोन र हन्ना धेरै नै वृद्ध भईसकेका थिए र सम्भवतः उनीहरूलाई यताउता हिँडडुल गर्न पनि गाह्रो समय हनुपर्छ भनेर बुझाउनु पर्छ । शिक्षकले कथा सुनाउँदा तपाईंले "सिमियोन" वा "हन्ना" भन्नुको सट्टामा, ढाड कुप्रो पारेर (हुनसक्छ भने लट्ठी लिएर) अभिनय गर्नसक्नुहुन्छ र बालबालिकाहरूलाई चाहिँ "सिमियोन" वा "हन्ना" भन्न लगाउनुहोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## कण्ठ गर्नुपर्ने पद

**लूका २:५२ (टि.बी.एस)** - अनि येशू बुद्धिमा, डिलडौलमा र परमेश्‍वर र मानिसको अनुग्रहमा बढ्दै जानुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मलाई येशू चाहिन्छ (कोरस नं. २५२)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

### मेरो बुबाको व्यवसाय

यो क्रियाकलाप एउटा प्रश्‍न सोधेर शुरू गर्नुहोस्: "तपाईंको बुबाको व्यवसाय के हो ?" अर्थात् तपाईंको बुवाले के काम गर्नुहुन्छ ? तपाईंले कक्षामा कति फरक पेशाहरू छन् भनि जान्न चाहानुहुन्छ भनेर वर्णन गर्नुहोस् । ३ वा ४ जना सम्मको स्वयंसेवकहरूलाई तिनीहरूका बुवाहरूको पेसा गरे जस्तो "नाटक गर्न" लगाउनु होस् । उदाहरणको लागि, खाना पकाउने व्यक्तिको बालबालिकाले केहि पकाए जस्तो गर्न सक्छ, कम्प्युटर विशेषज्ञको बालबालिकाले डेस्कमा बसेर कम्प्यूटरमा काम गरे जस्तो गर्न सक्छ । बालबालिकाहरूले आफ्ना बुबाको पेसा चित्रण गर्दा, अन्य बालबालिकाहरूले यो पेसा के हो भनि अनुमान गर्न सक्दछन् । जब कसैले कामको सही पहिचान गरेको खण्डमा, त्यस बालबालिकालाई बुवाको पेसाको बारेमा केहि सामान्य प्रश्‍नहरू सोध्नुहोस् । उनीहरूलाई बुवाको पेसाको बारेमा बढि जानकारी हुनुपर्छ किनकि उनी त्यस परिवारका हुन भनेर बताईदिनुहोस् । सबै व्यवसायहरूको पहिचान, गरिसके पछि, येशूको पिता को हुनुहुन्थ्यो ? सोध्नुहोस्: (परमेश्‍वर) । उहाँको व्यवसाय के थियो ? (अरूलाई बाइबलका कुराहरू सिकाउनु, निको पार्नु, प्रेम गर्नु, आदि ।) । तपाईं परमेश्‍वरको काम गर्नको लागि कहाँ जानुहुन्छ ? (मण्डलीमा, वा ती मानिसहरूको माझमा जसले परमेश्‍वरको सत्यतालाई बुझेका छैनन्) । जब येशू बाह्र वर्षको हुनु हुन्थ्यो, उहाँ मन्दिरमा बाइबल अध्ययन गरेका मानिसहरूलाई प्रश्‍न सोध्न जानु भयो । उहाँ जहिले पनि "उहाँको पिताको काम" प्रति रूचि राख्नुहुन्थ्यो ! आउनुहोस् हामी केहि कुराहरूको बारेमा विचार गरौं जसले परमेश्‍वरलाई प्रसन्न तुल्याउँछ र प्रतिक्रियाको अनुमति दिदँछ । हामी जहिले पनि हाम्रो स्वर्गिय पिताको व्यवसायमा रूचि राखौं !

**पदक कण्ठ गर्ने क्रियाकलाप: शब्दचित्र लेखन**

बालबालिकाहरूलाई यो पद याद गर्न मद्दत पुऱ्याउनको लागि शब्दचित्र लेखनको प्रयोग गर्न सकिन्छ । यस पदको प्रत्येक शब्द छुट्टाछुट्टै कागजको पानामा लेख्नुहोस् । त्यसपछि शब्दहरू क्रमबद्ध रूपमा मिलाउनको लागि बालबालिकाहरूलाई २ वा ३ समूहमा विभाजन गर्नुहोस् । जब प्रत्येक समूहले पदका शब्दहरूलाई क्रमबद्ध रूपमा मिलाउँछन् सम्भवत: यो पद उनीहरूले कण्ठ गरिसकेका हुनेछन् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

समूहहरूमा मिलेर पाठको समीक्षा गरेर मूख्य ७ विचारहरू निकाल्नुहोस् ।

- यूसुफ र मरियम मन्दिरमा प्रवेश गरे ।
- यूसुफ र मरियमले दुईवटा ढुकुर वा परेवाहरूको भेटि लिएर आएका थिए ।
- शिमियोनले बालक येशूलाई मसीह भनेर पहिचान गरेका थिए ।
- शिमियोनले भजनसंग्रहद्वारा परमेश्वरको प्रशंसा गरेका थिए ।
- हन्नाले बालक येशूलाई इस्राएलको सान्त्वनादाता हुन् भनेर चिनेका थिए ।
- येशू मन्दिरमा जानुभयो ।
- त्यस दिन विद्वान्हरूसँग कुरा गर्नको लागि येशू मन्दिरमा नै रहनुभयो ।

**पाठ समीक्षा गर्ने क्रियाकलापः वचनको खोज**

कक्षालाई २ वा ३ समूहमा विभाजन गर्नुहोस् । तपाईंको देब्रे तिर भएको पाठका मूख्य ७ वटा सूचिहरू खोज्न लगाउनुहोस् । साना बालबालिकाहरूलाई र पढ्न नसक्नेहरूलाई शिक्षकले सहायता गर्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

“तपाईंको पारिवारिक इतिहास एकदम महत्त्वपूर्ण हुन्छ” भनेर कक्षालाई भन्नु पर्छ, । तपाईंले अहिले सम्म त्यस्तो सोच्नु भएको छैन होला, तर यो एकदम महत्वपूर्ण हुन्छ। येशूको पारिवारिक इतिहास ,४००० वर्ष पछाडि सम्मको दिईएको छ । तपाईंलाई कुन कुरा एकदम प्रभावशाली लाग्यो ?

तपाईंलाई थाहा भएको येशूको पारिवारिक इतिहासको बारेमा कुराहरू एक वा दुई जना व्यक्तिलाई बताउनुहोस् । यसो गर्नको लागि एउटा उत्तम तरिका भनेको आफ्नो साथी वा परिवारको सदस्यलाई उनीहरूले कति जना आफन्तहरूको नामहरू बताउन सक्नुहन्छ भनेर सोध्नुहोस् । त्यसपछि, उनीहरूलाई सोध्नुहोस् कि उनीहरूले येशूका कति जना परिवारका सदस्यहरूको नाम भन्न सक्छन् ।

**कथाको मूख्य सार : येशूको प्रारम्भिक जीवनको घटनाहरूले उहाँलाई एक विशेष व्यक्तिको रूपमा परिचित गराएको थियो ।**